घुम्ती शिविर तथा सार्वजनिक सूनवाई सम्पन्न

झापाको मध्य-पश्चिम दक्षिणी महाभारा गाविसमा सरकारी तथा अर्द्ध सरकारी निकायहरुले सञ्चालन गरेको एकीकृत घुम्ती शिविरबाबाट सयौं नागरिकले सेवा पाएका छन् । सदरमुकाम आउ-जाउको झञ्झट, आफ्नै शारीरिक असक्तताजस्ता कारणले ५० वर्षको उमेर काटिसक्ता पनि नागरिकता बनाउन नपाएकी महाभारा-६ निवासी कान्द्री राजवंशी घर-आँगनमै केही समयभित्रै नागरिकता पाउँदा निकै खुशी भइन् । सबै प्रक्रिया पूरा गरेर शिविरमा पुगेकी उनले नागरिकता मात्र पाइनन् फोटोसहितको मतदाता नामावली पनि दर्ता गराइन् ।

जिल्ला विकास समिति झापा र जिल्ला प्रशासन कार्यालयको संयुक्त आयोजना, सम्बन्धित गाउँ विकास समितिको संयोजन तथा सम्बन्धित सरकारी-अर्द्धसरकारी निकायहरुको सहकार्यमा महाभाराको जनकल्याण निमावि परिसरमा आइतबार आयोजित शिविरबाट क्षेत्र नं ६ अन्तर्गतको महाभारा, पाँचगाछी, बैगुनधुरा, कुमरखोद, कोरोबारी र टाघनडुब्बाका सेवाग्राहीले प्रत्यक्ष सेवा प्राप्त गरेको जिविसका सूचना अधिकृत प्रकाशचन्द्र चौधरीले जानकारी दिनु भयो ।

शिविरबाट २१५ नागरिकता वितरण गरिएको शिविरमा सहभागी जिल्ला प्रशासन कार्यालयका कर्मचारी ज्ञानमणि पोखरेलले जानकारी दिनुभयो । त्योभन्दा केही बढी मतदाता नामावली दर्ता गरिएको निर्वाचन कार्यालय प्रमुख गोपाल आचार्यले जानकारी दिनु भयो ।

सेवाग्राहीले नागरिकता, मतदाता नामावली दर्ता, स्वास्थ्य, कृषि, पशु, मालपोत, विद्युत, वन, टेलिफोनसम्बन्धी सेवा प्राप्त गरेका थिए । दिनभरि चलेको शिविरमा जिल्ला प्रशासन कार्यालयसमेत विषयगत कार्यालयहरु जिल्ला निर्वाचन कार्यालय, जिल्ला कृषि कार्यालय, शिक्षा कार्यालय, वन कार्यालय, जनस्वास्थ्य कार्यालय, जिल्ला आयुर्वेद कार्यालय, जिल्ला प्रहरी कार्यालय, महिला तथा बालबालिका कार्यालय, भूसंरक्षण कार्यालय, कृषि

सामग्री संस्थान, भूमिसुधार कार्यालय, मालपोत कार्यालय, आन्तरिक राजश्व कार्यालय, मेची अञ्चल अस्पताल, मेची आँखा अस्पताल, नेपाल टेलिकम, जिल्ला पशु सेवा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नेपाल टेलिकमलगायतका सेवा प्रदायक निकायले आ-आफ्नो सेवा प्रवाह गरेका थिए ।

वन र भूसंरक्षण कार्यालयले संयुक्त रुपमा झण्डै एक हजार विरुवा निःशुल्क वितरण गरेको थियो भने कृषि कार्यालयले माटो परीक्षण, बोटबिरुवाको रोग परीक्षण गर्नुका साथै तरकारीका बीउबिजन निःशुल्क वितरण गरेको थियो । कृषि कार्यालयको सहयोगमा आवाज नाट्य समूहले 'पश्चाताप' शीर्षकको नाटक पनि प्रस्तुत गरिएको थियो । जनस्वास्थ्य र मेची अञ्चल अस्पतालले २५० भन्दा बढी सेवाग्राहीको स्वास्थ्य परीक्षण गर्नुका साथै निःशुल्क औषधि वितरण गरेको थियो । आयुर्वेद अस्पतालले पनि त्यति नै संख्यामा स्वास्थ्य परीक्षण गरी औषधि वितरण गरेको थियो । नेपाल टेलिकमले ५० रुपैयाँ टक-टाइमसहितको निःशुल्क सिम वितरण गरेको थियो । पशु सेवा कार्यालयले गोबर परीक्षण तथा औषधि वितरण गरेको थियो । जिविसकै आयोजना र मेची आँखा अस्पतालको प्राविधिक सहयोगमा आँखा शिविर पनि सञ्चालन गरिएको थियो । अन्य कार्यालयले कार्यालयबाट प्रदान गरिने सेवा बारे जनचेतना प्रवाह गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी उत्तरकुमार खत्रीको अध्यक्षतामा आयोजित एक समारोहका बीच प्रमुख अतिथि झापा क्षेत्र नं ६ का सांसद दीपक गिरीले शिविरको उद्घाटन गरेका थिए ।

महाभारा गाविस सचिव भोजकुमार अधिकारी, कोरोबारीका सचिव दीपेन्द्र ओझा, पाँचगाछी सचिव देवीप्रसाद फूयँल, बैगुनधुरा सचिव मोहन आचार्य, कुमरखोद सचिव गंगाप्रसाद भट्टराई र टाघनडुब्बा सचिव राजेन्द्र पराजुलीले संयुक्त रुपमा शिविरको व्यवस्थापन गरेका थिए ।

सार्वजनिक सुनवाइ

जिल्ला प्रशासन कार्यालय झापा र जिल्ला विकास समिति झापाले संयुक्त रुपमा आइतबार नै जनकल्याण निमावि परिसरमा आयोजना गरेको सार्वजनिक सुनवाई कार्यक्रममा जनताले विकास निर्माणका कमसल आयोजना, सडक पूलको अलपत्र अवस्थाको बारेमा, स्थानीय निकाय पुनर्संरचनाका बारेमा, विद्युत, टेलिफोनजस्ता सेवाप्रदायक निकायहरु, सिंचाई, कृषिको कमजोरीका बारेमा अनगिन्ती सवालहरु राखेका थिए ।

आर्थिक वर्ष ०७३।०७४ को लागि जिल्ला प्रशासन र जिविसले संयुक्त रुपमा दोस्रो चौमासिक सार्वजनिक सुनवाई आयोजना गरेको जिविस सूचना अधिकृत प्रकाश चौधरीले जानकारी दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी उत्तरकुमार खत्रीको अध्यक्षता तथा झापा क्षेत्र नं ६ का सांसद दीपक कार्कीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा अधिकांश सवाल विकास निर्माणका सन्दर्भमा थिए । स्थानीय नागरिकले सांसद कार्कीलाई पनि सांसद विकास कोषमार्फत प्राप्त हुने बजेट कहाँ कसरी खर्च भइरहेको

छ भन्ने सवाल राखेका थिए । झापा युनेस्को संघले सहजीकरण गरेको सार्वजनिक सुनवाइको सञ्चालन संघका कार्यक्रम संयोजक विजय तिम्सिनाले गरेका थिए भने स्वागत जिविसका कार्यक्रम अधिकृत जय तिम्सिनाले गर्नु भएको थियो । सार्वजनिक सुनवाइमा सम्बन्धित कार्यालय प्रमुखहरुले जवाफ दिनुभयोका थिए भने विकास-निर्माणका सवालहरुको जवाफ स्थानीय विकास अधिकारी खेमराज ओझाले गर्नु भएको थियो ।